# ८ रोमी ७ अध्यायमा वर्णन गरिएको मानिस

***यस अध्यायको निम्ति*** रोमी ७ ध्यानपूर्वक पढ्नुहोस्।

***स्मरण गर्नुपर्ने पदः*** "जुन तत्वले हामीलाई नियन्त्रण गरेको थियो त्यसमा हामी मरिसकेका छौं। अब हामी व्यवस्थाबाट स्वतन्त्र भएका छौं। अब हामी पवित्र आत्मामा नयाँ प्रकारले सेवाकार्यमा लाग्छौं। लेखिएको व्यवस्थामा हामी पुरानो तरिकाले सेवा गर्दैनौं। (रोमी ७:६ रूपान्तरित)।

बाइबलमा यस्ता केहि अध्यायहरू छन् जुन भयङ्कर विवादस्पद छन्। बाइबलका चिन्तकहरूमा विवाद प्रतिवाद ल्याउने अध्यायहरूमा रोमी ७ अध्याय अत्यन्त उल्लेखनिय भएको पाउँछौं। *द एसडिए कमेन्टरी*ले भन्छः "रोमीको सम्पूर्ण पत्रमा धेरै समस्याहरूको बारेमा छलफल गरिएको छ। ती समस्याहरूमा रोमी ७:१४-१५ अत्यन्त विवादस्पद समस्या हुन्। पावलले यहाँ आफ्नै पापसँग गरिरहेको संघर्षको बारेमा छलफल गरिरहेको हो कि भनेर कतिपयले सोचेको पाउँछौं। यदि हो भने, त्यो प्रस्तुत गरिएको तर्क के उनले येशूलाई ग्रहण गर्नु भन्दा अघिको हो कि पछिको अनुभव हो भनेर सोच्नुपर्दछ। सरल तरिकाले भन्नुपर्दा रोमी ७:७-११ले पावलको आफ्नै व्यक्तिगतरूपमा पापसँग गरेको संघर्षलाई स्पष्ट गर्दछन्। (एलेन जी ह्वाईट, *स्टेप्स टु क्राइष्ट,* पृ. १९, *टेस्टिमोनिज फर द चर्च,* ठेली ३, पृ. ४७५)। फेरि हरेक व्यक्ति जो परमेश्वरको पवित्र दश आज्ञाको बारेमा सजग हुन्छ तब त्यो व्यक्तिले गर्नुपरेको आत्मिक संघर्षको बारेमा पावलले वर्णन गरिरहेको सत्यतालाई पनि स्विकार्नुपर्दछ।" *द एसडिए कमेन्टरी,* ठेली ६, पृ. ५५३बाट रूपान्तरित।

रोमी ७मा प्रस्तुत गरिएको तर्कवितर्क, पावलले येशूलाई ग्रहण गर्नुभएर उनको जीवन परिवर्तन हुनुभन्दा पहिलेको हो कि पछिको हो भन्ने कुरामा बाइबलका बिद्यार्थीहरूमा एकमत भएको पाउँदैनौं। तर येशूको धार्मिक तथा पवित्र जीवनले हामीलाई ढाक्दछ भन्ने अत्यन्त महत्वपूर्ण कुरालाई यहाँ प्रस्तुत गरिएको हामी पाउँछौं। उहाँकै धार्मिक जीवनले गर्दा हामी परमेश्वरको सामु धर्मी भएर उभिन्छौं। प्रभु येशूलाई ग्रहण गरेर उहाँले कोर्नुभएको जीवनरेखामा हामी हिंडयौं भने परमेश्वरले हामीलाई पवित्र तथा सन्त बनाउनुहुन्छ, हामीलाई पापबाट विजयी जीवन बिताउन उहाँले हामीलाई शक्तिसम्पन्न गराउनुहुन्छ, र दिनप्रतिदिन उहाँको पुत्रको स्वरूपमा हामीलाई ढाल्दै लानुहुन्छ (रोमी

८:२९)। यी वाचाहरू त्यस परमेश्वरले हामीलाई दिनुभएको छ जसले हामीलाई भुल्नुहुन्न (हिब्रू ६:१०)। उपरोक्त कुराहरूलाई हामीले ख्याल गर्नुपर्दछ र अनुभव गर्नुपर्दछ जब हामी अनन्तको सुसमाचार सारा देश, जात, भाषा, र मानिसहरूलाई फैलाउन अग्रसर हुन्छौं (प्रकाश १४:६)।

## १. व्यवस्थामा बाँधिएको? (रोमी ७:१६)

आफ्ना पाठकवर्गहरूलाई उनीहरूको सम्वन्ध व्यवस्थासँग कस्तो छ भनेर देखाउन कुन उदाहरणलाई लिएर रोमी ७:१-६मा पावलले प्रस्तुत गरेको पाउँद्छौं? विवाहित जीवनको उदाहरणलाई प्रस्तुत गरेर पावलले हामीलाई के भन्न खोजेका छन्?

झट्ट हेर्दा पावलले उल्लेख गरेका पतिपत्नीको सम्वन्ध, आत्मिक जीवनसँग गरेको तुलना बुझ्न कठिन हुनसक्छ। तर सोचेर ती पदहरूलाई पढ्दा यसको अर्थ हामी बुझ्न सक्छौं।

व्यवस्था भन्दा दश आज्ञा, र बिधिविधान तथा रितिथितिहरू हुन् । ती रितिथिति तथा विधिबिधानहरू यस्ता प्रणाली हुन् जसलाई परमेश्वरले यहूदीहरूलाई सिनैको पहाडमा मोसाद्वारा दिनुभएको थियो। परमेश्वरको सेवाकार्य कसरी संचालन गर्ने भनेर ती प्रणालीले देखाउँछन्। व्यवस्था भन्दा ती दुवै हुन्। तर जब पावलले व्यवस्था भनेर उल्लेख गर्दछन् तब प्रायजसो उनको अर्थमा ती यहूदीलाई दिइएको पवित्र मन्दिर आदिमा गर्ने संस्कारहरू हुन् जुन मसिहको आगमनमा अन्त्य भयो। यो कुराचाहिँ यहूदीहरूलाई बुझ्न कठिन भएको थियो। अर्को अर्थमा भन्ने हो भने जब येशू आउनुभयो, मर्नुभयो र बिउँतिनुभयो, तब बलिप्रथाबाट मन्दिरमा पुजाआजा गर्ने विधिको खारेज भइसक्यो, र यहूदी संस्कारले मानिसलाई धर्मी ठहराउने सबै प्रक्रियाको अन्त्य भइसक्यो भन्ने कुरालाई पावलले जोड दिएको हामीले बुझ्नुपर्दछ। तर येशूलाई विश्वास गर्दे यहूदी बिश्वासीहरूले आफ्ना जीवनका ती महत्वपूर्ण संस्कारहरूलाई त्याग्न राजी भएका थिएनन्।

आफ्नो तर्कलाई बुझाउन पावलले यस्तो उदाहरण प्रस्तुत गर्दछन्: एक स्त्रीले पुरूषसँग बिवाह गर्छन्। कानून अनुसार त्यस स्त्री आफ्नो श्रीमानसँग जीन्दगीभर रहन उसँग सम्वन्ध गाँसिएकी हुन्छिन्। जबसम्म आफ्नो श्रीमान जीवित हुन्छ तब सम्म उनी अरू पुरुषसँग सम्वन्ध राख्न सक्दिनन्। जब आफ्नो श्रीमानको मृत्यु हुन्छ तब अरूसँग विबाह गर्न उनी स्वतन्त्र हुन्छिन् (पद ३)।

यहूदी धार्मिक प्रणालीलाई वाख्या गर्न पावलले बैवाहिक कानूनलाई पावलले किन प्रयोग गरेका थिए? रोमी ७ः४,५ पढ्नुहोस्।

जब आफ्नो श्रीमानको मृत्यु हुन्छ तब त्यस स्त्री त्यस श्रीमानको कानूनी वन्धनबाट स्वतन्त्र हुन्छिन्। त्यसरी नै येशूको मृत्युले यस पुरानो भौतिक जीवनको मृत्यु भइसकेको हुन्छ, यसको फलस्वरूप पुरानो व्यवस्थाबाट आफू स्वतन्त्र भइसकेको यहूदी विश्वासीहरूले मान्नुपर्दछ। मसिहको आगमन नहुञ्जेल यहूदीहरूले सम्पूर्ण विधिविधानहरूको पालन गर्ने अपेक्षा गरिएको थियो। ती बिधिबिधानको उद्देष्य पूरा गर्न मसिह आउनुभएको थियो। जब उहाँको आगमन भयो तब धार्मिक परम्पराको अन्त्य भयो।

अब यहूदीहरू नयाँ विवाहको सुत्रमा बाध्न स्वतन्त्र भएका थिए। जीवित मसिहसँग बिवाह गर्न यहूदीहरूलाई आह्वान गरिएको थियो। परमेश्वरको निम्ति तिनीहरू फलदायक हुनुपर्दथ्यो। ती पुरानो यहूदी प्रणालीलाई त्यागेर नयाँ प्रणालीमा लाग्न स्वतन्त्र हुनु भनेको केहो भनेर वाख्या गर्न ती यहूदीहरूलाई वैवाहिक जीवनको उपमा पावलले दिएको कुरालाई हामीले राम्रो सँग बुझ्नुपर्दछ।

यसमा फेरि पावल र बाइबलले दश आज्ञाको अपरिहार्यता अर्थात् आवश्यकतालाई पूर्ण रूपमा समर्थन गरेको हामी पाउँछौं। दश आज्ञाहरू तिनीहरूले पालन गर्नु नपर्ने व्यवस्था हुन् भनेर भनेर पावलले यहूदीहरूलाई भन्न खोजेको हो भन्दा त्यसको केहि अर्थ पनि लाग्दैन। यस्ता मानिसहरूले पावलको भित्री मनशायलाई बुझेका हुँदैनन्। यी मानिसहरूले सब्बथ दिनलाई निलम्वन गरिसक्यो भनेर पावलको यहि तर्कलाई उदृध गर्दछन् र सेभन्थ-डे एडभेन्टिष्टको सब्वथतलाई आत्मसात् गरेर सृष्टिकर्ता परमेश्वरको महिमा गर्ने अभियानलाई अन्यथाको रूपमा लिएको पाउँछौं। तर फेरी तिनीहरूले नै दश आज्ञाका अरू आज्ञाहरूचाहिँ यथावत नै छन् भनेर पनि दावी गर्न पछि पर्दैनन्। दश आज्ञामा उल्लेखित सब्बथ र साथै अरू कुनै आज्ञाबाट हामी छुट भएका छौं भनेर प्रस्तुत गर्ने योजना पावलको नभएको रोमी ७ अध्यायले जनाउँद्छ।

## २. यसको अर्थ के व्यवस्था पाप हो त? (रोमी ७ः८-११)

यदि येशूको मृत्युपछि सिनै पहाडमा दिएको सम्पूर्ण व्यवस्थाप्रणालीको अन्त्य भयो भनेर पावलले भनिरहेका छन् भने रोमी ७ः७लाई कसरी लिने? यसमा भनिएको छः हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन। यदि व्यवस्था नभए मैले पाप थाहा

पाउने थिइनँ, किनकि "तिमीले लोभ नगर" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ।" पावलले दश आज्ञाहरूमध्ये एकलाई यहाँ उल्लेख गरिएकोहामी पाउँद्छौं। त्यसो भए के, सारा व्यवस्थाको साथै दश आज्ञाहरू पनि निलम्वन भए त?

त्यसको जवाफ, कदापि होइन। व्यवस्था भनेर जब पावलले औँल्याउछन् तब सिनैमा परमेश्वरले मोसालाई दिनुभएको सम्पूर्ण व्यवस्था र आदेशहरू हुन् भनेर हामीले थाहा पाउनुपर्दछ। त्यसमा दश आज्ञाहरू पनि समावेश भएका थिए। तर याद गर्नुहोस्, अरू सबै व्यवस्थाहरूलाई परमेश्वरले मौखिक रूपमा मोसालाई दिनुभएको थियो भने, केवल दश आज्ञाहरूमात्र कुँढेर दिनुभएको थियो (फेरि यसको अनन्तको मूल्यतालाई ख्याल गरेर तिन पटक परमेश्वरले दश आज्ञाहरू दिनुभएको थियो- पहिलो पल्ट मौखिक, त्यसपछि परमेश्वर आफैले ढुँगामा लेख्नु भयो, र पछि त्यसलाई मोसाले रिसको झोंकमा बजार्दा अर्को ढुँगाको शीलापत्रमा फेरि लेखेर दिनुभएको थियो जुन पवित्र सन्दुकमा राखिएको थियो प्रस्थान २०, व्यवस्था १०:१-४)। आफ्नो कुरालाई मानिसलाई बुझाउन यहूदीको कुनै पनि आत्मिक, आर्थिक र सामाजिकप्रणालीलाई पावलले उदृध गर्न सक्थे। तर जब येशूको मृत्यु भयो तब दश आज्ञाहरू बाहेक उहाँलाई औँल्याउने सम्पूर्ण व्यवस्थाहरूको अन्त्य भएको थियो। परमेश्वरको दश शीला अर्थात् दश आज्ञाहरू सिनैको मरूभुमी भन्दा अघि थियो र उत्तम थिए, र क्रुसको समयपछि पनि यसको गरिमामय औचित्य जारी नै छ र जारी नै रहनेछ।

रोमी ७:८-११ पढ्नुहोस्। व्यवस्था र पापको बिचमा के सम्वन्ध छ भनेर पावलले भनिरहेका छन्?

यहूदी जातिलाई परमेश्वर आफै देखा पर्नुभयो। धार्मिक, कानूनी, सामाजिक, आर्थिक, सरकारी र स्वास्थ्यका नियमहरू दिनुभएर के उचित के अनुचित अर्थात् के ठिक के बेठिक भनेर परमेश्वरले तिनीहरूलाई सचेत गराउनुभएको थियो। विभिन्न नियमहरू तोड्दा के सजायँ पाइन्छ भनेर पनि परमेश्वरले वाख्या गर्नुभएको थियो। हाम्रो जीवनमा परमेश्वरको योजनालाई ठुकराउनु अर्थात् उहाँको इच्छालाई तोड्नुलाई पाप भनिन्छ।

व्यवस्था नभएको भए लोभ गर्नु भनेको पाप रहेछ भन्ने कुरा थाहा पाउने थिएन भनेर पावलले स्पष्ट पारेका छन्। परमेश्वरको इच्छा थाहा नपाएर कुनै पापीले उहाँको आज्ञा तोड्छ भने त्यसको लागि उनी

दोषी ठहरिन्दैन। कुनै पुरुष वा स्त्रीलाई पापी भनेर त्यसबेलामात्र महशूस हुन्छ जब उनले परमेश्वरका दश आज्ञाहरूको ज्ञान हुन्छ र परमेश्वरको इच्छा थाहा हुन्छ। उनीहरु दोषी भनेर फैसला गरेको र मर्न योग्य छन् भनेर त्यसबेलामात्र थाहा हुन्छ। यसको अर्थ, परमेश्वरको इच्छा विपरित गएको कुनै पनि व्यक्तिले अनन्तको मृत्युलाई अंगालेको हुन्छ।

यहूदी धर्मदर्शनलाई असलीरूपमा वाख्या पावलले रोमीको पत्रमा गर्न खोजेको पाउँछौं। परमेश्वरले दिनुभएको व्यवस्थालाई गरिमामय मान्ने यहूदीहरूलाई येशूले व्यवस्थालाई कसरी पूरा गर्नुभयो भन्ने ज्ञान तिनीहरूले थाहापाउन् भन्ने पावलको चाहना थियो। व्यवस्था अर्थात् दश आज्ञा कति आवश्यक छन् भनेर पनि पावलले देखाइरहेको हामी पाउँछौं। तर त्यस व्यवस्थाले हाम्रो मुक्तिको लागि गर्ने कार्य सिमित थियो। हामीलाई मुक्तिको खाँचो छ भनेर देखाउने त्यस व्यवस्थाको काम थियो। तर व्यवस्थालाई अक्षरस पालन् गरेर मानिसहरू मूक्ति पाउन् भन्ने त्यस व्यवस्था वा दश आज्ञाहरूले कहिलै पनि अपेक्षा गरेको थिएन।

“प्रेरित पावलले आफ्नो अनुभव बाँडिहहेका थिए। मानिसले कसरी आत्मिक परिवर्तनको अनुभूति गर्छ भन्ने अत्यन्त महत्वपूर्ण सत्यलाई पावलले सिकाउन चाहेका थिए। पावलले भने, ‘व्यवस्था आउनुभन्दा अघि म जीउँदै थिँए।’ आफूले जे गरेपनि पाप गरेको छु भन्ने उनलाई भान भएको थिएन। ‘तर पछि परमेश्वरको आज्ञा आयो।" जब परमेश्वरको दश आज्ञा पावलको हृदय र मनमा आयो तब उनको मनमा चेतना आयो। पाप भनेको के रहेछ भन्ने कुराको ज्ञानभयो तब उनी मरेतुल्य मात्र होइन मरैं पनि(रोमी ७:९)। परमेश्वरको दश आज्ञाले उनी दोषी ठहरिएको ज्ञान पावललाई थाहा भयो। तर याद गर्नुहोस्, दश आज्ञा वा व्यवस्था होइन तर पावल मरेका थिए।"-एलेन जी ह्वाईटको टिप्पणी, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. १०७६बाट रूपान्तरित।

दश आज्ञाको सामु तपाईं कसरी मर्नुभएको अनुभूति भएको छ? प्रभु येशूले जे गर्नुभयो त्यो तपाईंलाई नयाँ जीवन दिन गर्नुभएको थियो भनेर रोमी ७ अध्यायले कसरी बुझाउँद्छ?

## ३. परमेश्वरको पवित्र व्यवस्था (रोमी ७:१२)

रोमी ७:१२मा लेखिएको छः “व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ।" अझसम्म पावलले गरेको छलफलको

आधारमा यस पदमा उनले व्यक्त गरेका अभिव्यक्तिलाई हामीले कसरी बुझ्ने?

परमेश्वरले मानिसलाई दिनुभएको आचारसंहिता वा दश आज्ञाहरूको गरिमामयलाई यहूदीहरूले सम्मान गर्दथे। त्यसैलाई मध्यनजर राखेर पावलले पनि हरतरहले त्यसको सम्मान गर्न खोजेको पाउँछौं। दश आज्ञाहरू वा व्यवस्थाले जे असल छन् त्यहि गर्दछन्। तर यसले के गर्न नचाहेको सो गर्न सक्दैनन्। हामीलाई हाम्रो पापबाट बचाउने काम व्यवस्थाको होइन। (आगोमा हाम नफाल भन्ने निर्देशन आफैले कसैलाई बचाउन सक्दैन-अनुवादकको मन्तव्य)। तर त्यस पापबाट बचाउन हामीलाई येशूको आवश्यक छ। यो किनभयो भने, व्यवस्था वा दश आज्ञाहरू आफैले कसैको निम्ति मुक्ति ल्याउन सक्दैनन्। तर यदि हामी विश्वासद्वारा येशूको पवित्र जीवनलाई ग्रहण गऱ्यो भने मात्र हामीले मोक्ष पाउँछौं।

रोमी ७:१३ले उनको मृत्युको दोष कसमाथि थुपारेको छ? हेर्नुहोस्ः "तर के जो असल छ मेरो निम्ति मृत्यु ल्यायो त? कदापि होइन। तर पापचाहिँ पापैको रूपमा देखिओस् भनेर असल कुराद्वारा पापले ममा मृत्यु उत्पन्न गराइरहेछ, ताकि आज्ञाद्वारा पाप सम्पूर्ण पापमय बनोस्।" कसले गरेर मृत्यु ल्याइरहेछ भनेर पावलले देखाइरहनुभएको छ? परमेश्वरको व्यवस्था वा दश सुत्रहरू र पापको बिचमा के भिन्नता रहेछ, सो भिन्नता थाहा पाउनु किन जरुरत छ त?

व्यवस्थाको गरिमामयलाई पावलले भ्यायसम्म बुझाउन खोजेको हामी पाउँदछौं। मानिसको पापको दोष व्यवस्था होइन तर पाप आफै हो भनेर उनले यहाँ भन्न खोजेका छन्। पावलले भोगिरहेका दुर्गति र भयङ्कर दुष्परिणाम पापले गर्दा भएको हो भनेर उहाँले स्पष्ट पारेका छन्। सबै खालका भौतिक अभिलाषा वा कामवासनाले उनको शरीरलाई काबुमा राखेकोले उनी दयनीय अवस्था परेका हुन् भनेर उनले स्वीकार गरेका छन् (पद ८)। दश आज्ञा जसलाई व्यवस्था, दश सुत्र वा आचारसंहिता भनिन्छ त्यसले उनको चरित्रलाई झल्काउने आदर्श हुन्। तर पापी भएको कारणले ती व्यवस्थाले उनलाई दोषी ठहराइएको थियो।

पावल अत्यन्त महापापी थिए भनेर उनको भन्डाफोर गर्न पाप कसरी सफल भयो भनेर रोमी ७:१४,१५ले देखाउँछन् त? हेर्नुहोसः "किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक छ, तर मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु। म जे गर्दछु, त्यो बुझ्दिनँ। किनकि म जे

चाहन्छु त्यो गर्दिनँ। तर त्यहि गर्दछु, जो म घृणा गर्दछु।" (रोमी ७:१४,१५)।

शारीरिक भन्दा मानव चोलासँग सम्वन्धित हुने क्रियाकलापहरू हुन्। पावललाई येशूको खाँचो थियो, किनभने येशूले मात्र उनमा भएको पापको दोषलाई हटाउन सक्नुहुन्थ्यो (रोमी ८:१)। पापको दासत्वबाट पावललाई छुट्कारा गर्न केवल येशूमात्र सक्षम् हुनुहुन्थ्यो।

यहाँ पावलले आफूलाई पापमा बेचिएको छु भनेर आफ्नो चित्रण गरेका छन्। उनी पापको दास थिए। उनी दास भएकोले उनी स्वतन्त्र थिएनन्। पापको वन्धनमा आफू परेकोले आफूले जे चाहन्छ त्यो गर्न आफू निरीह वा असहाय भएको उनले महसूस गरेका थिए। व्यवस्थाले भनेको असल काम गर्न उनी चाहन्थे, तर उनीभित्र रहेको पापले गर्दा जानेर पनि असल कामगर्न आफू छुट नभएको भनेर पावलले आफ्नो विवशता व्यक्त गरेका थिए।

यहूदीहरूलाई कत्तिको येशूको खाँचो रहेछ भनेर यस उदाहरणबाट पावलले बुझाउन खोजेको हामी पाउँद्छौं। रोमी ६:१४मा परमेश्वरको अनुग्रहले बिजयी जीवन सम्भव छ भनेर पावले अगाडिलै औंल्याएका थिए। यहि मनशाय फेरि रोमी ७मा पावलले व्यक्त गरेको पाउँद्छौं। येशूबिना केवल व्यवस्थालाई मात्र हेरेर वस्यौं भने हामी पापको दासमा रहिरहेको अनुभव गरिनै रहनेछौं। तब यो जीवन अत्यन्त दयनिय र निष्ठूर जीवन हुन जान्छ। परमेश्वरको व्यवस्थाले हामी पापको दास छौं भनेर हाम्रो भण्डाफोर गरिरहन्दा हाम्रो हृदय बिचलित हुन्छ।

पापले गर्दा तपाई दास भएको तपाईंको कस्ता कस्ता अनुभवहरू छन्? के तपाईंले पापसँग खेलबाड कहिलै गर्नुभएको छ? त्यसलाई तपाईंले बसमा राख्न सकिहाल्छ नी भनेर तपाईंले कहिलै भन्नु भएको छ? के त्यस पाप अत्यन्त निरङ्कुश र निर्दयी स्वामी भएको तपाईंले पाउनुभएको छ? यो यथार्थ जीवनमा तपाईंहरूलाई स्वागत् छ ! तपाईंको जीवन येशूमा किन समर्पण गर्नुपर्छ, र दिनदिनै पापले ल्याउने पासोबाट मुक्त हुन आफ्नो अभिलाषालाई किन मार्नुपर्दछ?

## ४. रोमी ७मा उल्लेखित मानिस (रोमी ७:१६,१७)

पवित्र आत्माले परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई ऐनाको रूपमा प्रयोग गर्नुभएको पाउँछौ। परमेश्वरको व्यवस्थालाई पालन नगर्दा उहाँ नाराज हुनुभएको छ भनेर प्रत्येक व्यक्तिलाई पवित्र

आत्माले औंल्याउनुहुन्छ। व्यवस्था पालन गर्न भर मग्दूर प्रयत्न गरेको अर्थ व्यवस्था असल छ भनेर सहमत हुनु हो।

आफ्ना पाठकहरूलाई के महत्वपूर्ण तर्कहरू पावलले रोमी ७:१८-२०मा प्रस्तुत गरीरहेका छन्?

हामी सबैले येशूको खाँचोको अनुभव गरुन् भनी पवित्र आत्माले चाहनुहुन्छ। यो खाँचो देखाउन उहाँले मानिसहरूलाई प्रायजसो पुरानो करार वा सम्झौताको अनभवमा पार्नुहुन्छ। इस्रायलीहरुको अनुभव एलेन जी ह्वाईटले यसरी व्यक्त गर्नुभएको छः "आफ्ना हृदयमा रहेका पापहरूलाई मानिसहरूले बुझ्न सकेका थिएनन्। येशूबिना तिनीहरूले परमेश्वरको व्यवस्थालाई पालन गर्न असम्भव छ भन्ने ज्ञान तिनीहरूमा थिएन। तिनीहरूले त्यो कुरा थाहै नपाइ अपरक्षत परमेश्वरसँग सम्झौता गर्न पुगे। आफ्नै धर्मकर्मले मुक्ति पाइहाल्छ नी भनेर तिनीहरूले सोचेका थिए। सिनैको पहाडमा सारा मानिसहरूले एकै स्वरमा भने, 'परमेश्वरले जे भन्नुभयो सो सम्पूर्ण कुराहरूलाई हामी पालन गर्नेछौं। हामी उहाँको आज्ञाकारी जन हुनेछौं।' प्रस्थान २४:७....तर उक्त प्रतिज्ञा गरेको केहि हप्ता नबितिकनै तिनीहरूले परमेश्वरसँग गरेको सम्झौता तोडे। तिनीहरूले आफूले बनाएका गाइको बाछ्रोको अगाडि लम्पछार परेर त्यसको पुजा गरे। अब तिनीहरुले तोडेको सम्झौताले गर्दा परमेश्वरको निगाहा पाउने आशा थिएन। तिनीहरुले आफ्नो पापलाई प्रतक्ष्य रूपमा आफूले देखे र त्यसबाट क्षमा पाउनु पर्ने आवश्यकताको महशूस गरे। अब्रहामलाई दिइएको प्रतिज्ञामा मुक्तिदातालाई औंल्याइएको थियो। त्यहि मुक्तिदाताको आवश्यकता हुनुपर्ने चाहना ती मानिसहरूको हृदयमा गाभी दिएको थियो।"-एलेन जी ह्वाईट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३७१,३७२बाट रूपान्तरित।

यो दुःखपूर्ण कुरो हो कि, धेरै इसाईं हुँ भनेर दावी गर्नेहरूले दैनिक रूपमा येशूमा आफ्नो जीवन नविकरण गर्न असफल भएका छन्। दिनदिनै कुनै व्यक्ति येशूको शक्तिलाई आफ्नो जीवनमा प्रवाह गर्न असक्षम् भयो भने त्यस व्यक्तिले पापको सेवा गरिरहेको हुन्छ। आफू पापको दास नभएको भनि जोडदार दावी त गर्छन् नै। उनीहरूले भन्लान् की उनीहरूको जीवन येशूमा बढिरहेको छ, र पापको खाडलमा परेर बढ्नु इसाई जीवनको सामान्य प्रक्रिया हो। सफल इसाई जीवन बिताउन अझ धेरै समय लाग्छ भनेर बहाना निकालेर आफ्ना लाचरतालाई प्रस्तुत गर्न तिनीहरू नहिच्किचाएको पनि हामी पाउँछौं। यस्ता मानिसहरूले आफ्ना पापहरूलाई येशूको समक्ष ल्याएर बिजयी

जीवनको निम्ति याचना गर्दैनन्। तर रोमी ७ले भने अनुसार मानिसहरु आफूहरू पछाडि लुकाउन रुचाउँन पछि नपरेको पनि हामी पाउँछौं। तिनीहरूले रोमी ७ले उद्‌ध गरेर भन्छन्, "हेर पावलको भनाइमुताविक हामी मानिस भएकोले उचित काम गर्न असम्भव छ।" यथार्थमा भन्ने हो भने, कोहि मानिस पापको दासमा परिरहन्छन् भने त्यस मानिसले उचित काम गर्न असम्भव हुन्छ भनेर यस रोमी ७मा हामीलाई स्पष्ट पारेको छ। तर येशूमा बिजयी जीवन सम्भव छ।

येशूले प्रतिज्ञा गर्नुभएको अनुसार के तपाईंले आफू र पापबाट बिजयी जीवन बिताइरहनुभएको अनुभव भइरहेको छ? यदि छैन भने, किन छैन? तपाईंले के गलत निर्णयहरू गरिरहनुभएको छ?

## ५. मृत्युबाट उद्धार (रोमी ७:२१-२३)

"यसकारण यउटा नियम अर्थात् निर्देशनले काम गरेको म पाउँछु। जब म भलो गर्न चाहन्छु, तब दुष्टतालाई मेरो नजिकै उपस्थित पाउँछु। किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा (दश आज्ञाहरू) आनन्दित हुन्छु तर मेरा अङ्गहरूमा अर्को नियम वा व्यवस्था छन् जोसँग म युद्ध गर्दछु, र मेरा अङ्गहरूमा बास गर्ने पापको नियमले मलाई वन्धनमा पार्दछ।" (रोमी ७:१२-२३बाट रूपान्तरित)। येशूलाई स्विकार गर्नुभएपछि पनि के तपाईं यस्तो खालको जीवनसँग संघर्ष गरिरहनुभएको छ?

शरीरलाई संचालन गर्ने व्यवस्था भनेको पापको व्यवस्था हो भनेर पावलले माथीका ती पदहरूले तुलना गरेको पाउँछौं। "भौतिक शरीरले पापको व्यवस्थाको सेवा गर्दछ" भनेर पावलले भनेका छन् (रोमी ७:२५)। तर पापको सेवा गर्नु र त्यसको नियमलाई पालन गर्नुको अर्थ मृत्युलाई अंगाल्नु हो भनेर उनले स्वीकार गर्दछन् (पद १०,११,१३ पढ्नुहोस्। पावलको संघर्षमा आफू पापको नियम अनुसार चलेको अनुभव भइरहेको पाएका थिए। अनि आफ्नो यस्तो खालको शरीर मुर्दा शरीर हो भन्ने अर्थ लगाउन सकिन्छ।

तर अन्तस्करण वा चेतनामा भएको व्यवस्था परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू हुन्। यस व्यवस्था वा नियमलाई हाम्रो सामु प्रस्तुत गरेर हाम्रो पापलाई उदाङ्ग पार्ने प्रक्रिया परमेश्वरकै हो। पवित्र आत्माको अगुवाइमा पावलले त्यस परमेश्वरको व्यवस्थालाई स्वीकार गर्दछन्। उनको चेतनाले त्यस व्यवस्थालाई पालन गर्ने सङ्कल्प गर्दछ। तर त्यस व्यवस्था अनुसार चल्न कोशिस गर्दछन् त आफू असक्षम् भएको पाउँछन्। यो किनभने पापले गर्दा उनको शरीरले

स्वतः पापको सेवा गर्न चाहन्छ। यस्तो खालको संघर्ष कुन् येशूभक्तले गरेका छैनन् होला? तपाईंको मनमा वा मनशाय उचित हुनसक्छ र त्यसै अनुसार चल्न चाहनुहुन्छ, तर तपाईंको शरीर वा महत्वाकाँक्षाले अर्कै बाटो रोज्न खोज्छ।

यस्तो जतिल धरापबाट कसरी मुक्त हुने भनेर पावलले हामीलाई मूल मन्त्र सुनाएका छन्? हेर्नुहोस् रोमी ७ः२४,२५ः "हाय, म कस्तो दुःखी मानिस। यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला र? येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै—परमेश्वरलाई धन्यबाद होस्। त्यसैले म स्वयम् आफ्नो मनले त परमेश्वरको व्यवस्थाको सेवा गर्दछु, तर मेरो पापस्वभावद्वारा चाहिँ म पापका व्यवस्थाको सेवा गर्दछु।"

"येशू ख्रीष्टबाट परमेश्वरलाई धन्यबाद होस्।" भनेर महिमित प्रशंसा गरेपछि पनि आफूले उद्धार पाएको आत्माले फेरि पावलले किन संघर्ष गरिरहेको होला भनेर कसैले अचम्म मान्छ होला। परमेश्वरलाई धन्यबाद दिएको यो पावलको छोटो प्रार्थना भनेर कसैले बुझेको पाउँछौं। परमेश्वरको यस प्रशंसापछि "कसले मलाई छुटकारा दिन्छ होला?" भन्ने रोमी ७ः२४को क्रन्धन स्वभाविकै हो भनेर कसै कसैले विश्वास गरेका छन्। पावलले आफ्नो यस्तो भावना रोमी ८मा गर्ने गौरवमय स्वतन्त्रको बारेमा छलफल गर्नुभन्दा अघि व्यक्त गरेका थिए। अगाडि छलफल गरेका पदहरू र पापको शक्तिको खिलाफमा कसरी आफूले संघर्ष गरिरहेका छन् भनेर देखाउन पावलले यो सार निकालेका हुन् भन्ने कत्तिको भनाइ छ।

"म आफै" भन्ने शव्द प्रयोग गरेर येशूबिनाको कस्तो जीवन रहेछ भनेर पावलले देखाउन खोजेका हुन भनेर कसै कसैको तर्क छ। जुनसुकै परिप्रेक्ष्यलाई समावेश गरेर पावलको उक्त कथनलाई हामीले वाख्या गरेपनि एउटा कुरा हामी सबैलाई स्पष्ट भएको पाउँछौंः येशू बिनाको जीवन हामीले बितायौं भने पापको खिलाफमा लड्न हामी असक्षम् छौं। येशू बिनाको जीवन असहायः अर्थात् निरिह जीवन हो। येशूमा रह्यौं भने उहाँले हामीलाई नयाँ जीवन दिनुहुन्छ। त्यो मरेपछि होइन अहिले नै पाउने अनुभव हो। हो, यस नयाँ जीवनमा पुरानो जीवन बराबर उठेर आउन सक्छ। तर यदि हामीले परमेश्वरको प्रतिज्ञाहरूलाई आत्मसात् गऱ्यौं भने बिजयी हामी नै हुन्छौ। तपाईंको निम्ति समर्पण गर्न कसैले पनि येशूलाई रोज्न सक्दैन। येशूमा रहन तपाईंले नै चुन्नु पर्छ। तपाईंको निम्ति कोहि पनि धर्मात्मा बन्न सक्दैन

अर्थात् कसैको धर्मकर्मले तपाईंलाई मुक्ति दिलाउन सक्दैन। येशूलाई चुन्ने आत्मनिर्णयको अधिकार तपाईंमा मात्र छ। यदि येशूले प्रतिज्ञा गर्नुभएको बिजयी जीवन तपाईं जीवन बिताउन चाहनुहुन्छ भने उहाँसँगको व्यक्तिगत सम्वन्धको बिकल्प अरू छैन।

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाईटद्वारा लिखित देहायका सामग्री पढ्नुहोस्ः- *सेलेक्टेड मेशेज* बुक १को पृ. २१२-२१५मा उल्लेखित अध्याय, "द परफेक्ट ल", पृ. ३०८-३१०को "अ डिभाइन सिन ब्यरर," *मिनिस्त्री अभ हिलिङ्*को पृ. ४५२-४५४को "द इम्पोर्टान्स अभ सिकिङ्ग फ्रम द *नोलेज, माई लाइफ टुडे*, पृ. ३२३को "क्राइष्टस् भिक्टोरी आज कम्प्लिट आज आडम्स फेलिएर"।

"परमेश्वरको आज्ञा तोड्दा हामीलाई न त सुरक्षा हुन्छ न त शान्ति न त हाम्रो हित नै हुन्छ। जब मानिसले पापलाई प्रिय मानेर अँगाल्दै रहन्छ भने उसले परमेश्वरको सामु निर्दोषी भएर खडा हुने आशा गर्नुपर्दैन। येशूको क्षमाद्वारा पाउने शान्तिको अनुभूति उसले पाउन सक्दैन।"-एलेन जी ह्वाईट, *सेलेक्टेड मेशेज* बुक १ पृ. २१३बाट रूपान्तरित।

"सारा यहूदी धर्मका प्रणालीहरू (धार्मिक संस्कार)मा क्षमा दिने मुक्तिदाताको भूमिका अत्यन्त महत्वपूर्ण थियो। सो कुरा आफ्ना इसाई दाज्युभाई दिदिबहिनीहरूले थाहा पाउन् पावलको चाहना थियो। येशू यस संसारमा आउनुभएर मानिसको निम्ति बलि हुनुभयो भनेर भन्ने ज्ञानपनि तिनीहरूमा होउन् भन्ने उनी चाहन्थ्ये। पवित्र मन्दिरमा गरिने सम्पूर्ण धार्मिक गतिविधि येशूको जीवन र मरणको प्रतिक थियो। जब येशू आउनुभयो र मानिसको सट्टामा मर्नुभयो, तब मन्दिरमा हुने सेवाकार्यको पनि अन्त्य भयो।

"जब मानिसको पापको निम्ति येशू क्रुसमा बलि हुनुभयो, तब कुनै पनि धार्मिक रितिथितिको औचित्य रहेन। तर ती परमेश्वरको दश आज्ञासँगै जोडिएको थियो, र त्यो गरिमामय नै थियो। यहूदी संस्कारका सबै कुराहरूलाई परमेश्वरले अनुमोदन गर्नुभएको थियो। यसले परमेश्वरको पवित्रता, शुद्धता, न्याय र धार्मिकता देखाएका थिए। यदि पुरानो समयमा मन्दिरमा गरिएका सेवाकार्य महिमित थिए भने, जब आफ्नो विश्वासीलाई अजम्मरी आत्मिक जीवन र पवित्रता दिन येशू आउनुहुनेछ छ तब त्यसबेला उहाँ झन कति महिमित र यशस्वीमय

हुनुहुनेछ होला !"एलेन जी ह्वाईट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. १०९५बाट रूपान्तरित।

**चिन्तनमनन:-**

१. रोमी ७मा उल्लेख गरेका मानिस को रहेछ, तपाईंले सोच्नुभएको छ? येशूलाई ग्रहण गर्नुभन्दा अघिको पावल कि येशूलाई ग्रहण गरेपछिको पावल? वा यस अध्यायको अरू कुनै अर्थ छ? तपाईंको जवाफमा कस्तो तर्कहरू प्रस्तुत गर्नभएको छ? विश्वासीहरू बिच छलफल गर्नुहोस्।

२. येशूमा नयाँ जीवन पाएकाहरू र बप्तिस्मा लिएकाहरूले पनि पापसँग संघर्ष गरिनै रहनुपर्ने रहेछ। यसबारे तपाईं के भन्नुहुन्छ? के हामीले सबै थोकलाई एकै चोटि जित्नुपर्छ र? वा के हामीले पाप गर्दै रहनुपर्छ र? वा त्यसको जवाफमा के मध्यम मार्ग छ त?

३. हताश निराशको मनस्थिति बोकेर हिंड्यौं भने त्यसबाट हामी कस्तो खतरामा पर्न सक्छौ हामी भनौंला, जे गरे पनि पाप गरिनै रहनुपर्ने रहेछ, हामी खस्केको मानिस खस्किन्दै जान्छौं र परमेश्वरका आचारसंहिता वा दश आज्ञालाई हामी तोडिनै रहने रहेछौं। यो नकारात्क सोचाइलाई येशू भक्तले निरन्तरता दिनु कतिको जायज छ? फेरि अर्को पक्ष कुरा गर्ने हो भने हामी इसाई भइसकेपछि भूल गर्नु हुन्न, हामी सिद्ध स्वभावको हुनुपर्छ, कुनै गलत काम गर्नुहुन्न, कुनै गलत सोचाई राख्नुहुन्न, येशूलाई विश्वास गरेपछि हामी धर्मात्मा ठहरिएको हुनाले सिद्ध आचरणमा हिंडिरहनुपर्छ नत्र हामीले मुक्ति पाउँदैनौं भन्ने भावना पनि किन खतरापूर्ण हुनसक्छ?

४. अन्त्यमा रोमी ७मा उल्लेख गरेका मानिस जो भएतापनि यहि अध्यायमा उल्लेख गरेका परमेश्वरका प्रतिज्ञाहरूलाई आत्मसात् गर्न सक्यौं भने येशूको भक्त हुनुभनेको के रहेछ भनेर रोमी ७ले हामीलाई सिकाउँद्छ?